नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
काठमाडौं
(प्रशासन शाखा)

पत्र संख्याः प्र.०७६/७७
च. नं. : २६२६

मितिः-२०७७/०३/२२

## सूचना ।

मिति २०७७/०२/२८ को नेपाल सरकारको निर्णयबाट बन्दाबन्दीको स्वरुपमा केही परिवर्तन गरी सार्वजनिक सेवाहरु सुचारु हुनुका साथै जिल्ला भित्र सञ्चालन हुने सवारी साधनको लागि जोर बिजोर प्रणाली लागू भै सोही बमोजिम सवारी आवागमन भईरहेको व्यहोरा सबैमा विदितै छ । काठमाडौं उपत्यका मानव बसोबासका हिसाबमा अत्याधिक जनघनत्व भएको र संघीय राजधानी समेत भएकोले उपत्यका बाहिरबाट प्रवेश गर्नेको चाप अत्यधिक पर्ने गरेको छ । विशेष गरी उपत्यका बाहिरका सबै जिल्लाबाट राजधानी भित्रिने र उपत्यकाबाट बाहिर जानेको चाप क्रमशः बढ्दै जाँदा कोभिड-१९ को संक्रमण दिनानुदिन बढ्दै गएको र यसलाई समयमै उचित व्यवस्थापन गर्न नसके यसले महामारीको रुप लिन सक्ने स्वास्थ्य विज्ञहरुको निश्कर्ष रहेको छ । अत्यावश्यक काममा बाहेक घर बाहिर ननिस्कन र कोभिड-१९ को संक्रमणबाट बच्न स्वास्थ्य प्रोटोकलको पूर्ण पालना गर्दै व्यक्ति स्वयम् सचेत हुन नेपाल सरकारबाट आग्रह र अनुरोध भईरहेको विषयमा सबै सचेत र सतर्क रहनुको विकल्प छैन । अतः कोभिड-१९ को संक्रमणबाट आफू बच्न र अरुलाई पनि बचाउने कार्यमा सबैको समान दायित्व एवं जिम्मेवारी रहेको सन्दर्भमा यस कार्यालयबाट जारी हुँदै आएको सवारी पास वितरण प्रणालीमा निम्नानुसार हुने गरी परिवर्तन गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ;

१. पास जारी गर्दा अत्यावश्यक कार्य (मृत्यु संस्कार, शुभ बिबाह, अस्पतालबाट डिस्चार्ज भएका ब्यक्ति, सरकारी तथा संघ संस्थाका कर्मचारी, आयोजना, परियोजनामा कार्यरत कर्मचारी, नेपाल सरकारका प्राथमिकता प्राप्त आयोजनामा आवश्यक पर्ने जनशक्ति)को औचित्य विचार गरेर मात्र जारी गरिने छ ।
२. अत्यावश्यक कामको लागि उपत्यका भित्रिने सवारी साधनहरुलाई उपत्यका बाहिर फर्कदा कुनै पनि यात्रु नराखी खाली जाने गरी मात्र सवारी पास जारी गरिने छ ।
३. अत्यावश्यक कामको लागि भनि झुक्याई यात्रु ओसार-पसार गर्ने उद्देश्यले सवारी पास लिएको पाईएमा संक्रामक रोग ऐन, २०२० बमोजिम सख्त कारवाही गरिने छ ।

कार्यालयको ठेगाना- बबरमहल, काठमाडौं, नेपाल।
फोन नं. ०१-४२६२४७८, ०१-४२६२८२८, ०१-४२६२४४८, ०१-४२४८९८५, फ्याक्सः- ०१-४२६२८२८
इमेल :daokathmandu@moha.gov.np वेबसाइटः www.daokathmandu.moha.gov.np

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

काठमाडौं

(प्रशासन शाखा)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
काठमाडौं

पत्र संख्याः प्र.०७६/७७

च. नं. : 2626

४. सवारी पास लिनको लागि तोकिएको ढाँचाको निवेदन यस कार्यालयको मूल गेटमा पेश गर्न सकिने छ।

५. यस कार्यालयबाट प्रदान गरिने सेवा लिन आउँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, कार्यालय परिसरमा उपलब्ध साबुन पानीले हात धुने र सामाजिक दूरी कायम गरी स्वास्थ्य प्रोटोकलको पूर्ण रुपले पालना गर्नु पर्नेछ ।

६. मास्क नलगाई आएमा वा जथाभावी हिंडडुल गरेमा संक्रामक रोग ऐन, २०२० बमोजिम तोकिए बमोजिम जरिवाना असुल उपर गरिने छ ।

७. सवारी पास जारी गर्दा नेपाल सरकारले जारी गरेको स्वास्थ्य मापदण्ड अनुकूल हुने गरी संख्या तोकेर मात्र जारी गरिने छ ।

८. भाडाका सवारी साधन जस्तै ट्याक्सी, सुमो, माइक्रो बस तथा ठूलो बसको लागि सवारी पास जारी गरिने छैन ।

2066/5/22

मान बहादुर बुढा

प्रशासकीय अधिकृत

कार्यालयको ठेगाना- बबरमहल, काठमाडौं, नेपाल।

फोन नं. ०१-४२६२४७८, ०१-४२६२८२८, ०१-४२६२४४८, ०१-४२४८९८५, फ्याक्सः- ०१-४२६२८२८

इमेल :daokathmandu@moha.gov.npवेबसाइटः www.daokathmandu.moha.gov.np